


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ जेठ २७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 10 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८२

## सामान्य वर्षाले छिपहरमाई गापा डुबान



सामान्य वर्षाका कारण छिपहरमाई गापाका विभिन्न वडा डुबानमा परेको दृश्य । तस्वीरः सुग्रीव साह

प्रस, भिस्वा, २६ जेठ/

छिपहरमाई गाउँपालिकामा विकास निर्माण कार्य नहुँदा वर्षा भएपछि वडाका विभिन्न स्थान डुबानमा परेका छन् ।

गापा बनेको साढे तीन वर्ष बित्न लाग्दा पनि कच्ची सडक ग्रेभल हुन सकेको छैन । सामान्य कलभर्ट पनि नबनाउँदा वर्षाको समयमा पानी निकास नहुँदा विभिन्न वडा डुबानमा पर्ने गरेका छन् । गापा कार्यालय रहेको वडा नं ५ भिस्वामा कच्ची सडक भएको र पानीको निकास नहुँदा वर्षामा गापा कार्यालय नै डुबानमा पर्छ । अहिले सामान्य पानी पर्दा नै गापा कार्यालय डुबानमा परेको छ ।

यसैगरी, वडा नं ४ तुलसीबर्वा बन्जारीमा रहेको बर्थिङ सेन्टर पनि डुबानमा परेको छ । अहिले यस क्षेत्रमा डुबान हुनेगरी ठूलो पानी परेको छैन तर सानो पानीमैं ठाउँठाउँमा डुबान भएको र सडकहरू हिलाम्य भएर आवागमन प्रभावित भएको छ ।

वडा नं ३ जयमङ्गलापुरमा पुरानो ह्युमपाइप रहेको ठाउँलाई बाढीले बगाएको तीन वर्षभन्दा बढी भइसकेको छ ।

सो ठाउँमा कलभर्ट बनाइएको छैन । अहिले बाँसको पुल बनाएर मानिसहरूको ओहोरदोहोर हुन्छ भने पानीको बहाव बढेको बेलामा सवारीसाधन ठप्प हुन्छन् ।

## सशर्त अनुदान सच्याउने मुख्यमन्त्री गट्टीको प्रतिबद्धता

प्रस, जनकपुर, २६ जेठ/

मुख्यमन्त्री लालबाबू राउत गट्टीले स्थानीय तहलाई पठाएको सशर्त अनुदान सच्चाउने बताएका छन् ।




तस्वीरः फाइल

बुधवारको प्रदेशसभा बैठकमा मुख्यमन्त्री गट्टीले स्थानीय तहलाई पठाएको सशर्त अनुदान सच्याउने प्रतिबद्धता जनाए ।

मुख्यमन्त्री गट्टीले भने, "प्रदेश सरकारको मुख्यमन्त्रीको हैसियतले प्रदेशसभामा गरेको प्रतिबद्धता पूरा गर्न नसक्नु लज्जास्पद हो, किनभने नहुनुपर्ने काम भएको छ । सच्याउन सकिन्छ भने सच्याएर अगाडि बढ्छु ।" उनले रोस्टममा बोलेको कुरा इमानदारीका साथ पालना गर्ने पनि बताए ।

स्थानीय तहलाई प्रदेश सरकारले पठाउने सशर्त अनुदानको विषयमा समिति बनाएर योजना छनोट गर्न सरकारले कार्यविधि बनाएर सांसदहरूबाट आएका योजनाहरू सामेल गर्ने प्रयास भएपनि भूलवश छुट्न गएको मुख्यमन्त्री गट्टीले स्वीकारे ।

मुख्यमन्त्री गट्टीले जवाफ दिएपछि प्रदेशसभा बैठकमा विनियोजन विधेयक, २०७८ को सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीति सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफल शुरू भएको छ ।

विधेयकमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले दिएका छन् । प्रदेशसभाको अर्को बैठक बिहीवार दिउँसो ३ बजे बस्नेछ ।

मङ्गलवार विपक्षी दलहरू नेकपा एमाले, नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्रका सांसदहरूले स्थानीय तहलाई पठाएको सशर्त अनुदान सांसदहरूसँग सल्लाह नै नगरी पठाएको भन्दै बैठक अवरुद्ध गरेका थिए ।

## पौने ३१ लाखसहित दुईजना भारतीय पक्राउ

तस्वीर सौजन्यः जिप्रका, रौतहट




प्रस, रौतहट, २६ जेठ/

जिल्ला प्रहरी कार्यालय, रौतहटले स्रोत नखुलेको ३० लाख ७६ हजारसहित दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको जनाएको छ ।

भारत, बिहार, मोतीहारी जिल्ला घोडासहन बस्ने बन्टीकुमार कलवार र सुरज कलवारलाई पक्राउ गरेको जिप्रका रौतहटले जनाएको छ । भारतीय नम्बरको मोटरसाइकल चढेर आएका उनीहरूलाई परोहा नगरपालिका-९ रामपुरखापमा प्रहरीले चेकजाँच गर्दा नेपाली रु ३० लाख ७६ हजार बरामद भएको प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहले बताए । बन्टीले उक्त रकम राजपुरस्थित एक इँटाभट्टामा पुऱ्याउन ल्याएको प्रउ शाहले बताए । पक्राउ परेका दुवैजनामाथि अनुसन्धान भइरहेको जनाइएको छ ।

## प्रसौनीको ८६ लाखको सडक ढलानमा हिलेपानी प्रयोग

राधेश्याम पटेल, वीरगंज, २६ जेठ/

बारा, प्रसौनी गापाको पतञ्जलिदेखि नकटुवा टोल जोड्ने सडकखण्ड ढलान गुणस्तरहीन भएपनि धमाधम काम गरिरहेको गाउँलेले गुनासो गरेका छन् ।

नकटुवाका ललन पटेलका अनुसार उनले भने, "रोलर नचलाइ फोहर पानीले मसला बनाइएको छ, त्यस कारण बाध्य भई काम रोक्न भनेका छौं ।"




नकटुवा टोल जोड्ने सडकखण्ड ढलान गरिंदै । तस्वीरः प्रतीक

गर्ने योजनामा ठेकेदार पक्षले बदमाशी गरेको छ । हिजोदेखि शुरू भएको सडक ढलानमा खेतमा जमेको हिलो-पानी मसला बनाउन र भुइँमा छर्कने काममा प्रयोग भइरहेको गाउँलेले गुनासो गरेका छन् ।

सङ्घ सरकार र गापा सरकारको सशर्त अनुदानको करीब रु ८६ लाखको बजेटमा बन्ने सो सडक यसै असार मसान्तभित्र सम्पन्न हुनुपर्नेछ । त्यसै कारण प्रज्ञा कन्स्ट्रक्शन प्रालि वीरगंजले बजेटको दुरुपयोग भइरहेको देखेपछि काम रोक्न ठेकेदार पक्षलाई ताकेता गरेको बताए । "एक त गलत डिजाइनमा सडक ढलान भइरहेको छ, पूर्वको सरेहको करीब २० बिघा जग्गा डुबानमा पर्ने खतरा छ, ठाउँठाउँमा ह्युमपाइप हाल्न भनेका थियौं, हालिएन, एक ठाउँमा मात्र कजवे निर्माण गर्ने भनिएको छ, अर्को पूरै सडक ढलान भइरहेको छैन, करीब दुई सय मिटर सडक कच्ची नै रहनेछ । यसले वर्षात्मा गाउँलेलाई दुःख हुन्छ,"

ठेकेदारले ९०४ मिटर लामो, पाँच मिटर चौडा र ६ इन्च मोटो सडक ढलान गर्नुपर्नेमा सो अनुसार काम नगरेको पनि गाउँलेको भनाइ छ । सडकको मोटाइ ठाउँठाउँमा ६ इन्चभन्दा कम छ । दुई दिनमा करीब २० मिटर ढलान भएपछि विरोध हुँदा काम ठप्प पारिएको छ । जबसम्म राम्रो काम गर्ने वातावरण ठेकेदारले बनाउँदैन, काम शुरू गर्न नदिने गाउँलेको भनाइ छ ।

(बाँकी तेस्रो पातामा)

## सडक बन्यो, नाला नबन्दा समस्या

प्रस, वीरगंज, २६ जेठ/

वीरगंज महानगर-१५ स्थित कृष्णप्रणामी मन्दिर र मानव सेवा आश्रमको उत्तरपट्टिको टोल अहिले नाला नहुँदा समस्या झेल्दैछ ।



पानीले निकास नपाएको वीरगंज-१५ कृष्णप्रणामी टोल । तस्वीरः प्रतीक

मुख्यमन्त्री लालबाबू राउत गट्टीले सो टोलमा ग्रेभल सडक निर्माण गरेका थिए । तर नाला नबन्दा अहिले घर र वर्षाको पानीको निकास नहुँदा सो टोलमा समस्या भएको हो । नाला बनाउनको लागि वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले उपभोक्ता समितिमार्फत महानगरको ६० प्रतिशत र स्थानीयको ४० प्रतिशत योगदान हुनेगरी रु ७२ लाखको लागतमा महानगरको भागमा पर्ने रु ४३ लाख निकासा गरे पनि थप रकमको अभावमा नाला निर्माण हुन सकेको छैन ।

सो टोलमा ९० प्रतिशतभन्दा बढी कर्मचारी भएको र उनीहरूले लगानी गर्न नसकेको कारण नाला निर्माण कार्य अगाडि बढ्न सकेको छैन ।

## छोटकरी

### अदालतअगाडि प्रदर्शन

प्रस, राजविराज, २६ जेठ/

नेकपा माओवादी केन्द्र सप्तरीले प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिटमा छिटो न्याय सम्पादनको माग गर्दै प्रदर्शन गरेको छ ।

माओवादी केन्द्रका कार्यकर्ताहरूले प्रधानमन्त्री केपीशर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटन बदर गरी संसद् पुनर्स्थापनाको माग गर्दै प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीले स्वतन्त्र न्यायप्रणालीमाथिको हस्तक्षेप बन्द गर, कानूनी शासनको बहाली गरलगायतका प्लेकार्ड बोकेर सप्तरीको राजविराजस्थित उच्च अदालत अस्थायी इजलास राजविराज र जिल्ला अदालतअगाडि ११ बजेदेखि दुई घण्टा प्रदर्शन गरेका थिए ।

माओवादी केन्द्रका जिल्ला अध्यक्ष अशोककुमार मण्डलको नेतृत्वमा निस्किएको विरोध जुलुस अदालत अगाडि पुगेर समापन भएको थियो ।

### विचारसार एवं सूक्तिहरू

**अहिलेसम्म हामीले के प्राप्त गर्न बाँकी छ, थाहा छ ? हेरः- पहिलो हो प्रेम- किनकि अहिलेसम्म त हामीले केवल द्वेष र आत्मसन्तोषको नै साधना गरेका छौं ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## महत्त्वपूर्ण भूमिका

**बारा जिल्लास्थित नेपाल–भारत सीमा क्षेत्रमा भारतीय सीमा सुरक्षा बल र नेपाली सीमा सुरक्षा बलले संयुक्तरूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेका छन्। भारतीय सीमा सुरक्षा बल एसएसबी, नेपाली सीमा सुरक्षा बल सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रका बासिन्दालाई मध्यनजर गरी संयुक्तरूपमा जनचेतना जागरणको कार्यक्रम सञ्चालन गरेका हुन्। योसँगै उनीहरूले बालबालिकाहरूलाई अध्यापन गराउन थालेका छन् । दुवैतर्फ सीमावर्ती क्षेत्रका बालबालिकालाई बिहान एक घण्टा र बेलुकी एक घण्टा गरी दिनमा दुई घण्टा दुवै देशका सीमा सुरक्षा बलले अध्यापन गराइरहेका छन् । कोरोना महामारीको कारण विद्यालय बन्द भएपछि बालबालिकाहरू त्यत्तिकै बरालिरहेको हुँदा उनीहरूको अध्यापनलाई निरन्तरता दिनुका साथै जनचेतनामूलक एवं जीवनोपयोगी र दुई देशको आपसी सम्बन्धबारे पनि शिक्षा दिने गरिएको छ। यसको अझ महत्त्वपूर्ण पक्ष सुरक्षाकर्मीले दुवैतर्फका बालबालिकालाई एकै स्थानमा राखेर जनसम्बन्ध बढाइरहेका छन् ।**

**दुई देशको सम्बन्धमा सीमावर्ती क्षेत्रका बासिन्दा र सुरक्षाकर्मीको भूमिका महत्त्वपूर्ण हुन्छ । विश्वका कतिपय मुलुकमा राज्यको केन्द्रीय तहमा निकटता भएपनि सीमा क्षेत्रका बासिन्दा एकले अर्कालाई नसहने गरेका कारण द्वन्द्व भइरहेको पाइन्छ। कैयौं मुलुकको सीमामा तैनाथ एक मुलुकको सुरक्षाकर्मीले अर्को मुलुकको सुरक्षाकर्मीलाई दुश्मनको रूपमा हेर्ने गर्नाले युद्ध निम्तिएको छ । मित्रराष्ट्र भारत र हाम्रो मुलुक नेपालबीच परापूर्वकालदेखि नै घनिष्ट मैत्रीपूर्ण सम्बन्ध रहिआएको छ । तर आक्कलझुक्कल सीमावर्ती क्षेत्रमा पनि तनाव उत्पन्न हुने गरेका छन् । हालसम्म जति पनि त्यस्ता समस्या आए, त्यसलाई केलाएर हेर्ने हो भने सीमावर्ती क्षेत्रका गलत तत्त्वको भूमिका प्रमुखरूपमा पाइन्छ। कतिपय अवस्थामा सीमामा तैनाथ सुरक्षाकर्मीले दुई मुलुकबीचको जनसम्बन्ध सीमावर्ती यथार्थ र मैत्रीभावलाई नबुझिदिंदा पनि समस्या आएको पाइन्छ । यसरी आक्कलझुक्कल हुने दुर्घटनाले पनि दीर्घकालीन असर पुर्‍याउने र सोको फाइदा दुई मुलुकको भलो नचाहने तत्त्वहरूले लिन खोज्ने गरेको देखिन्छ ।**

**सीमा क्षेत्रका सुरक्षाकर्मीलाई स्थानीयले आफ्नो मुलुकको स्तम्भ र सरकारको प्रतिनिधिको रूपमा हेर्ने हुँदा उनीहरूको क्रियाकलापको प्रत्यक्ष असर समुदायमा पर्छ । दुई मुलुकका सुरक्षाकर्मी सहकार्यमा जुट्दा जनसमुदायमा सोको सकारात्मक असर पर्ने र जनविरोधी तत्त्व हतोत्साहित हुनेछन् । कोरोना महामारीको बेला थालनी गरिएको संयुक्त कार्यक्रमले नागरिक र सुरक्षाकर्मीलाई झन् नजीक ल्याएको छ। यसो हुँदा समाजमा हुन सक्ने आपराधिक गतिविधिबारे सुरक्षा निकायलाई समयमैं सतर्कता अपनाउन सघाउ पुग्छ भने नागरिकको शान्ति, सुरक्षा र अमनचयनमा टेवा पुग्नेछ । खाली समयमा बालबालिका कुबाटोमा जानबाट रोकिने र उनीहरूको शिक्षामा निरन्तरता पाउने त छँदैछ । बालबालिकामार्फत उनीहरूका अभिभावक एवं परिवारका सदस्यहरूसम्म पनि सकारात्मक सन्देश सहजरूपमा पुग्न सक्छ । संयुक्त सुरक्षा टोलीको अभियानप्रति नकारात्मक कोणबाट हेर्न सकिने आधारहरू पनि धेरै होलान्। सुरुआत अपूरो नै हुन्छ। केही राम्रो थालनी भइरहँदा कुरा काट्ने होइन कि, 'त्यो कमजोरी हटाउन मैले के भूमिका निर्वाह गर्न सक्छु' भन्ने भावले हातेमालो गर्न अग्रसर हुन सक्नुपर्छ ।**

# बजेटमा प्रदेश पहिचानको पक्ष

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**प्रदेशको पृथक पहिचानको लागि यहाँको आवश्यकताको आधारमा काम गर्नुपर्छ र यसको शुरूआत बजेटबाट हुनुपर्छ। प्रदेश सरकारले प्रदेशको गर्व र गरिमा बढाउने कामलाई पनि प्राथमिकता दिनुपरेको छ अबको समयमा ।**

प्रदेश सरकारले बजेट बनाउने कामलाई अन्तिम रूप दिन थालेको छ। नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छ, प्रदेशसभामा । बजेट अधिवेशन चलिरहेको छ। नियमानुसार तोकिएको मितिमा बजेट आउने निश्चित छ र अहिलेको अवस्थामा बजेट पारित हुने कुरामा कसैको दुई मत नहोला ।

देशको आर्थिक समृद्धि भइरहेको छ। केन्द्र, प्रदेश तथा स्थानीय सरकारको बजेटको आकार मात्र होइन, दुर्गम गाउँदेखि ठूला शहरसम्म भइरहेको भौतिक विकास तथा पूर्वाधार निर्माण हेर्दा यसको पुष्टि हुन्छ । यस सँगसँगै केन्द्र, प्रदेश तथा स्थानीय सरकारसित सर्वसाधारणको अपेक्षा पनि बढेको छ। केन्द्र सरकारसित ठूला योजनाको अपेक्षा प्रदेश सरकारको हुन्छ भने ज्येष्ठ नागरिक, कर्मचारी, विपन्न, दिव्याङ्ग, एकल महिला वा पुरुष आदिले विभिन्न सुविधाको अपेक्षा गरेका हुन्छन्। स्थानीय सरकारसित स्थानीयस्तरका विकास निर्माणको अपेक्षा राख्ने सर्वसाधारणले प्रदेश सरकारसित मझौला विकास योजना र प्रदेश पहिचानका विविध आयामप्रति आशान्वित हुन्छन् । हुन त सर्वसाधारणको कतिपय अपेक्षा साझा पनि हुन्छ। जुन तहको सरकारले विकास र निर्माणको काम गरिदिए पनि हुन्छ। आखिरमा समृद्धि नै सबै नेपालीको चाहना हो । सबै नेपालीको चाहनामा स्थानीय, प्रदेश तथा केन्द्र सरकारको बजेटले हरेक वर्ष पखेटा लगाउने गरेका छन् र सरकारहरूसित सर्वसाधारणको अपेक्षा पनि बढ्दै गएको देखिएको छ ।

बजेट आउने प्रकृति करीब एकै किसिमको रहेको छ, सबै सरकारको। यस कारण सबैभन्दा पहिले केन्द्र सरकारको बजेट आइसकेपछि प्रदेश सरकारतिर सबैको ध्यान केन्द्रित हुन थाल्छ । प्रदेश सरकारले कस्तो बजेट ल्याउँदै छ । सामान्यतया नीति तथा कार्यक्रमबाट धेरै हदसम्म प्रस्ट भइहाल्छ तर सर्वसाधारण ठोस विकास, निर्माण तथा सेवा र सुविधाको कुरा सुन्न चाहन्छ जुन बजेट वक्तव्यमा आएको हुन्छ । अहिले प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रममा कोरोनाबाट प्रदेशलाई बचाउने मुख्य दायित्व आएको छ। यो निकै सराहनीय पक्ष हो। अहिले कोरोनाले गर्दा देश तथा प्रदेशको सबै पक्ष प्रभावित भइरहेको बेला प्रदेशलाई कोरोनाबाट कसरी सुरक्षित पार्ने भन्ने कुरा बजेटमा आउने भएपछि सबैतिर एउटा आशा त जागेकै हो। अब प्रदेश सरकारले आगामी बजेटमा यससम्बन्धी थप ठोस कार्य गर्ने आशा सबैतिर देखिएको छ । बजेटमा पनि यो कुरो स्पष्ट भएर आउने विश्वास छ। यद्यपि केन्द्र सरकारले पनि आउँदो आर्थिक वर्षको बजेटमा कोरोना नियन्त्रणलाई निकै महत्त्व दिएको छ र प्रदेश सरकारले पनि यस कुरालाई उच्च प्राथमिकता दिएकोमा अब आउने वर्षमा, कोरोना महामारीको यदि तेस्रो लहर आइहालेछ भने पनि, अहिलेको जस्तो जनजीवनमा त्रास र सर्वसाधारणले मृत्युवरण गर्नु नपर्ने आस गर्न सकिन्छ। साथै अहिलेको जस्तो विकास निर्माण, उद्योग, व्यापार, शिक्षा तथा जनजीवनका सबै पक्षमाथि कोरोनाको प्रहार आउँदो वर्षमा सहनुपर्ने अवस्था नआउला भन्ने आशा गर्न सकिन्छ । कोरोनाको क्रूर प्रहारले गत वर्षको आर्थिक अवस्था कमजोर भएको सबै नेपालीले बुझेका छन् भने चालू आर्थिक वर्षमा पनि सन्तोषजनक वृद्धि हुने सङ्केत नदेखिएको कुरा पनि सार्वजनिक भइरहेकै छ। यसरी आगामी आर्थिक वर्षमा कोरोनाले अर्थतन्त्रको ढाडमा होइन, कोरोनाकै ढाडमा प्रहार गर्ने किसिमको बजेट आउनुलाई राम्रो मानिएको छ । सबै नेपालीको चाहना देशबाट कोरोना धपाएर देशलाई कोरोनामुक्त बनाइनुपर्छ भन्ने हो । देशमा कोरोनाको प्रहारबाट कुनै पनि पक्ष शिथिल हुनुहुँदैन र शिथिल हुन पुगेका क्षेत्रमा अपेक्षित सुधार हुनुपर्छ। कोरोनाको कहर फेरि देशमा आउनुहुँदैन भन्ने अपेक्षा राख्नु जति स्वाभाविक छ, त्यस दृष्टिकोणले केन्द्र र प्रदेश सरकारले बजेट ल्याउँदा सबैतिरबाट स्वागत हुनु पनि उत्तिकै अपेक्षित हुन्छ।

अहिले सबैको ध्यान कोरोनातिर तानिएको छ । यसै समयमा प्रदेशको बजेट आउँदैछ । कोरोना नियन्त्रण बजेटको प्राथमिकतामा हुनेछ। कोरोनाको कारण चालू आर्थिक वर्षका धेरै योजना प्रभावित भएका छन् । गत वर्ष पनि यस्तै भएको थियो । यद्यपि आउँदो आर्थिक वर्षमा कोरोनालाई हराउने तथा कोरोनाबाट जनजीवन र अन्य पक्षलाई प्रभावित हुन नदिने गरी बजेट आउने भएकोले अन्य पक्षप्रति पनि सकारात्मक आशा जाग्ने विश्वास गरिएको छ। यसै सन्दर्भमा प्रदेश सरकारले प्रस्तुत गर्ने आगामी बजेटमा प्रदेशका मुख्य पहिचानको क्षेत्रमा पनि काम हुने अपेक्षा गरिएको छ।

यस प्रदेशका मुख्य पहिचानहरू के के हुन् ? प्रदेशका विशेषता के के हुन् ? कुन कुन क्षेत्रमा मुख्य विशेषताहरू कस्ता कस्ता रहेका छन् ? ती विशेषतामध्ये हाम्रो प्रदेशको प्रकृति तथा संस्कृतिसित सम्बन्धित र गर्व गर्न सकिने तथा संरक्षण र पहिचान गरी विस्तार गर्न सकिने के कस्ता रहेका छन् ? कतिको सम्भावना छ कि अन्धविश्वास र पछौटेपनबाट यहाँको पहिचानका तत्त्वलाई जोगाएर वैज्ञानिक तथा आधुनिक किसिमले विस्तार गर्न सकियोस् ? यस प्रदेशलाई दीर्घकालसम्म विश्वभरि पहिचान दिलाउन सक्ने सम्भावना भएका मुख्य कुराहरू के के हुन् ? तिनको पहिचान र संरक्षण तथा संवर्द्धनको लागि कस्तो कार्यक्रम ल्याउने ? कसरी तिनलाई यस प्रदेशको साझा सम्पत्तिको रूपमा परिभाषित गर्दै देशकै र समग्रमा विश्वकै मानवजातिको सम्पत्तिको रूपमा विकास गर्ने भन्ने पक्षमा पनि आउँदो बजेटले बोल्नुपर्दछ भन्ने अपेक्षा सर्वसाधारणको छ।

विकास, निर्माण, गरीबी निवारणजस्ता विषय कदापि कमजोर बनाइनुहुन्न । सर्वसाधारणसित प्रत्यक्ष सरोकार र सम्बन्ध राख्ने सबै कुरा बजेटमा प्रतिविम्बित हुनुपर्दछ । हाम्रो प्रदेशको मुख्य विशेषतालाई पनि प्रदेशमा रोजगार र पर्यटनसित जोड्न सकिन्छ। यिनलाई भौतिकतासित गाँसेर सर्वसाधारणलाई लाभान्वित तुल्याउन सकिन्छ । प्रारम्भमा अलिकति हो कि होइन वा कस्तोकस्तो लागे पनि कालान्तरमा यहाँका अमूल्य निधिहरूको पहिचानले पर्यटन र रोजगार सिर्जना गर्ने कुरामा दुई मत छैन । पहिलेदेखि चल्दै आएको परम्परागत बजेटमा यस प्रकारका कुरालाई निकै कम महत्त्व दिएको पाइन्छ। केन्द्र सरकारले पुरातत्त्व विभाग, खानी तथा भूगर्भ, विभिन्न प्रज्ञा प्रतिष्ठान तथा अन्य निकायबाट यस प्रकारका काम गराइरहेको छ। यद्यपि अपेक्षानुसार काम हुन नसकेको गुनासो रहेको छ। यसैले प्रदेश सरकारले पनि कम्तीमा त्यस प्रकारका कामलाई आफ्नो तहबाट उजागर गर्नुपरेको छ भने अझ यस प्रदेशका मुख्य पहिचानहरूलाई विकास र विस्तारको मूल बाटोमा ल्याएर पर्यटन र रोजगारसित जोड्न सके धेरै राम्रो हुने विश्वास गरिएको छ। यस्ता गौरव तथा पहिचान र कतिपय सन्दर्भमा अमूर्त पक्ष भनिएको साहित्य, कला, संस्कृतिसमेतको लागि ठोस बजेट ल्याउन सकेमा प्रदेशको मान बढ्नेमात्र नभई भावी पुस्ताले अझ राम्रो गर्न सक्ने विश्वास गर्न सकिन्छ।

प्रादेशिक संरचनामा देशलाई लैजानुपर्छ भन्ने मान्यता राखी आन्दोलन गर्ने पुस्ता अहिले पनि सक्रिय राजनीतिमा छ। पहिचानसहितको सङ्घीयताको कुरा गर्नेहरू सक्रिय राजनीतिमैं छन्। त्यति बेला सङ्घीयताको कस्तो पहिचान हुनुपर्छ भन्ने कल्पना गरिएको थियो ? पहिचानवादी भनिएका राजनीतिकर्मी तथा दलहरूले त्यति बेला देशमा कस्तो किसिमले ककसको वा कुनकुन पक्षको कस्तो पहिचानको कल्पना गरेका थिए ? प्रदेश संरचनामा देश गएर प्रदेशहरूमा सरकार गठन भइसक्दापछि ती राजनीतिकर्मी तथा दलले पहिले सोचेका वा दस्तावेजीकरण गरेका पहिचानको पक्षमा के कस्ता काम गरेका छन् ? त्यसको मूल्याङ्कन गर्नु आवश्यक छ। अहिलेको बेला बजेटको परिधिमा रहेर वर्तमान समयको मूल्याङ्कन समेत गरेर ती योजना, ती सपना, ती घोषणा तथा ती मनोविज्ञानलाई मूर्तरूप दिन के कस्ता काम गर्न सकिन्छ भन्ने किसिमले पनि व्यावहारिक भएर विचार गर्नु आवश्यक छ।

अहिले बजेट विनियोजन भइरहेको छ। अब बजेट आउँदैछ। आउँदो बजेटमा सर्वसाधारण नागरिकका आधारभूत समस्या बुझेर प्रदेश सरकारले अनुभूति दिनेगरी बजेटमा समावेश गर्नु जति अपेक्षित छ, उत्तिकै स्वाभाविक छ, प्रदेशको पहिचानको पक्षमा कामको शुरूआत हुनु। अब अरूलाई दोष दिने ठाउँ ज्यादै कम छ। जे जति सकिन्छ, त्यति नै, तर प्रदेशको पहिचानको हकमा काम गर्नुपर्ने दायित्वबाट अब प्रदेश सरकार पन्छिनुहुँदैन । प्रदेशको पृथक पहिचानको लागि यहाँको आवश्यकताको आधारमा काम गर्नुपर्छ र यसको शुरूआत बजेटबाट हुनुपर्छ । प्रदेश सरकारले प्रदेशको गर्व र गरिमा बढाउने कामलाई पनि प्राथमिकता दिनुपरेको छ अबको समयमा ।

# नागरिकता नपाउँदा निराश

काठमाडौं, २६ जेठ/रासस

गणेशमान सारनाथ नगरपालिका–३ धनुषाका इन्द्रजीत साफीले साहुसँग रु पाँच लाख ऋण लिएर इन्जिनीयरिङ अध्ययन गरे । अध्ययन पूरा गरेपछि निजीस्तरबाट सञ्चालित जलविद्युत् आयोजनामा काम गर्न शुरू गरेको केही समयमा उनीसँग नागरिकता माग गरियो। नागरिकता पेश गर्न नसकेपछि साफीले पाएको रोजगारबाट हात धुनुपर्‍यो। अध्ययन गर्न लिएको ऋणको ब्याज बढ्दै गएपछि उनको परिवार चिन्तामा डुबेको छ ।

"साहुको ऋण बढेर रु १५ लाख भएको छ, रातदिन पैसा माग्न आउँछन्, नागरिकता नभएकै कारण मैले पाएको निजीस्तरको जागीरसमेत गुमाउनुपर्‍यो, अब मैले कसरी ऋण तिर्ने, साहुको सधैंको किचकिचले निराश बनायो," नागरिकताको प्रमाणपत्र नपाउँदाको पीडा सुनाउँदै उनले भने ।

साफीका चार भाइले १२ कक्षासम्मको अध्ययन गरेका छन् । बहिनीले स्नातक अध्ययन गर्दैछिन् । कसैसँग पनि नागरिकता नभएकाले कसैले पनि सामान्य रोजगारसमेत पाउन सकेका छैनन्। नागरिकता नपाएकैले परिवारका सबै सदस्य मानसिक तनावमा रहेको साफीको भनाइ छ।

नागरिकता नभएका कारण यस्तो समस्या भोग्ने साफी एक्ला व्यक्ति भने होइनन् । गोदावरी नगरपालिका–१३ झरुबारासी, ललितपुरका रूपक पहारीको भोगाइ पनि उस्तै छ। पहारी सानै हुँदा बुबाले आमालाई छोडेर हिंडे। आमासँग मामाघर बस्दै आएका पहारी हाल कक्षा १२ मा अध्ययनरत छन् । बुबाको नागरिकता नभएका कारण उनको अहिलेसम्म जन्म दर्ता प्रमाणपत्रसमेत बन्न सकेको छैन।

कसरी नागरिकताको प्रमाणपत्र लिने भन्ने चिन्ताले पहारीलाई सताएको छ। उच्च अदालत नेपालगंजले नागरिकताको प्रमाणपत्र दिनू भनी आदेश गर्दा पनि जिल्ला प्रशासन कार्यालयले नागरिकता नदिएपछि एक स्थानीयवासीले गत वर्ष आत्महत्या गरेको खबर सार्वजनिक भएको थियो ।

घोराही उपमहानगरपालिका–१८ दाङका मोहम्मद फारुकीलाई पोखरा विश्वविद्यालयबाट सम्बन्धनप्राप्त क्याम्पसले रजिस्ट्रेशन दर्ता गर्न नै नागरिकता माग गर्‍यो। बुबाको जन्मसिद्ध र आमाको अङ्गीकृत नागरिकता भएपनि उनले नागरिकता पाउन सकेका छैनन्।

क्रिकेट खेलमा विशेष रुचि राख्ने फारुकीले १६ वर्षमुनिको क्रिकेट प्रतियोगितामा भाग लिन पनि नागरिकताको प्रमाणपत्रले रोक्यो। बुबाले सामान्य व्यापार–व्यवसाय गरेर परिवारको जीविकोपार्जन भइरहेको उनले बताए । परिवारको जेठो छोरा भएकाले तत्काल रोजगार खोज्नुपर्ने उनको बाध्यता छ । नागरिकता नहुँदा आफू निकै निराश र तनावमा रहेको उनले सुनाए ।

नागरिकताको विषयका संविधानभन्दा ऐन र ऐनभन्दा नियमावली सङ्कुचित बनेकाले समस्या समाधानमा अप्ठ्यारो हुने नागरिकताको प्रमाणपत्र पाउन नसकेका एवं सरोकार भएका अधिकारीको बुझाइ छ।

महिला, कानून र विकास मञ्चले बुधवार आयोजना गरेको नागरिकता सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा यही जेठ १७ गते संशोधन भई जेठ २४ गतेको नेपाल राजपत्रमा सार्वजनिक नेपाल नागरिकता (दोस्रो) संशोधन नियमावली, २०७८ मा नागरिकता नपाएकाले जन्मदर्ता प्रमाणपत्र ल्याउनुपर्ने प्रावधान राखिएको छ। अभिभावकको नागरिकता नहुनेका बालबालिकाको जन्मदर्तासमेत नहुने गरेकाले यो प्रावधानले समस्या पार्ने मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले बताए।

संशोधित नियमावली राजपत्रमा प्रकाशित भएपनि अझै जिल्ला प्रशासन कार्यालयमा परिपत्र नभएकाले यसअघि सरकारले जारी गरेको नागरिकता (पहिलो संशोधन) अध्यादेश २०७८ समेत कार्यान्वयनमा चुनौती आएको उनले सुनाए । नागरिकतासम्बन्धी कानूनी व्यवस्थाका कारण लाखौं नेपाली

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम

नयाँ दिल्ली, २६ जेठ/एएनआई

भारतमा कोरोना भाइरसको दोस्रो लहरबाट दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम हुन थालेको छ ।

सरकारी अधिकारीहरूले बुधवार दिएको जानकारी अनुसार भारतमा पछिल्लो २४ घण्टामा ९२ हजार ५९६ जना कोरोना भाइरसबाट सङ्क्रमित थपिएका छन् ।

लामो समयपछि दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम भएको यो दोस्रो दिन भएको पनि केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा यसअघि मङ्गलवार सार्वजनिक गरिएको विवरणमा एक दिनमा ८६ हजार ४९८ जना सङ्क्रमित थपिएको देखाइएको थियो ।

त्यसैगरी, त्योभन्दा अघिल्लो दिन सोमवार एक लाख ६३६ जना सङ्क्रमित थपिएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । भारतमा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमितहरूको कुल सङ्ख्या दुई करोड ९० लाख ८९ हजार ६९ पुगेको छ । भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या १२ लाख ३१ हजार ४१५ रहेको छ ।

भारतमा सङ्क्रमणमुक्तहरूको सङ्ख्या दुई करोड ७५ लाख चार हजार १२६ रहेको जनाइएको छ ।

पछिल्लो २४ घण्टामा देशभरि कोरोनाका कारण कुल दुई हजार २१९ जनाको मृत्यु भएको छ । योसँगै भारतमा कोरोनाका कारण अहिलेसम्म मृत्यु भएकाहरूको सङ्ख्या तीन लाख ५२ हजार ५२८ पुगेको छ ।

**भारतमा १८ वटा हात्तीको कोरोना परीक्षण**

चेन्नई/एएनआई

भारतमा २८ वटा हात्तीको कोरोना भाइरसको परीक्षण गरिएको छ ।

जनावरहरूलाई पनि कोरोना भाइरसको सङ्क्रमण भएको हुन सक्ने आशङ्कामा मङ्गलवार उनीहरूको कोरोना परीक्षण गरिएको हो ।

दक्षिण भारतको तमिलनाडु प्रदेशको राजधानी चेन्नईमा रहेको मुडुमालै टाइगर रिसोर्टमा रहेका २८ वटा हात्तीको कोरोना परीक्षण गरिएको अधिकारीहरूले जनाएका छन् ।

परीक्षणका लागि निकालिएको उनीहरूको स्वाब उत्तर प्रदेश अन्तर्गतको भारतीय भेटेनरी अनुसन्धान संस्थामा पठाइएको जनाइएको छ ।

परीक्षणको नतीजा केही दिनमा आउने अपेक्षा गरिएको पनि अधिकारीहरूले जानकारी दिएका छन् ।

यसअघि सोही रिसोर्टमा कोरोनाका कारण एउटा सिंह मरेको र अन्य केही सिंह बिरामी भएका थिए । त्यसपछि प्रदेशका वनमन्त्री रामचन्द्रले रिसोर्टमा रहेका सबै हात्तीको कोरोना परीक्षण गर्न निर्देशन दिएका थिए । रासस

## भारतमा बस र भ्यान ठोक्किएर दुर्घटना, सत्रजनाको मृत्यु

लखनऊ, २६ जेठ/एपी

भारतको उत्तर प्रदेशमा मजदूरहरू चढेको एउटा बसले सामान ढुवानी गर्ने भ्यानलाई मङ्गलवार राति कानपुरनजीक ठक्कर दिंदा कम्तीमा १७ जनाको मृत्यु भएको छ ।

निकै भयानक उक्त दुर्घटनामा परेर अरू १८ जना घाइते भएका प्रहरीले जनाएको छ । कोरोना भाइरस महामारीको दोस्रो लहर भारतमा केही मत्थर हुन थालेपछि गाउँघर फर्किएका मजदूरहरू पुनः कामको खोजीमा निस्कन थालेका छन् ।

विपरीत दिशाबाट आइरहेको भ्यानसँग ठोक्किएसँगै बस सडकमा पल्टिएको प्रहरी अधिकृत मोहित अग्रवालले बताए ।

बसमा सवार मजदूरहरू पश्चिमी गुजरात प्रान्तको अहमदाबादतर्फ जाँदै थिए । भ्यानमा बिस्कुट कारखानामा कार्यरत मजदूरहरू रहेका थिए । मृत्यु हुने अधिकांश मजदूर रहेको अग्रवालले जानकारी दिए । उक्त घटनामा परेका १६ जनाको घटनास्थलमैं ज्यान गएको थियो भने एकजनाको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो ।

प्रहरीका अनुसार घाइतेहरूको स्थानीय अस्पतालहरूमा उपचार भइरहेको छ ।

प्रहरी अधिकृत अग्रवालले बसमा सवार व्यक्तिहरूको भनाइ उद्धृत गर्दै बस चालकले तीव्र वेगमा बस चलाएको गुनासो गरेको बताए ।

प्रहरीका अनुसार भारतमा हरेक वर्ष एक लाख १० हजारभन्दा बढी व्यक्तिको सडक दुर्घटनामा ज्यान जाने गरेको छ । अधिकांश अवस्थामा चालकको लापरवाही, सडकको कमजोर अवस्था र पुराना सवारीसाधनका कारण दुर्घटना हुने गरेका छन् । रासस

## मङ्गोलियामा राष्ट्रपतिका लागि निर्वाचन शुरू

उलानबटोर, मङ्गोलिया, २६ जेठ/एपी

कोरोना भाइरस महामारी फैलिएकै समयमा मङ्गोलियामा बुधवार नयाँ राष्ट्रपतिका लागि मतदान शुरू भएको छ ।



कम्युनिस्ट शासन त्यागेर सन् १९९२ मा प्रजातान्त्रिक शासन व्यवस्था अँगालेको मङ्गोलियामा त्यसयता छैटौंपटक राष्ट्रपतिका लागि निर्वाचन हुन लागेको हो । डेमोक्रेटिक पार्टीबाट राष्ट्रपति बनेका बाटुल्गा खल्टमा भने यसपटक उम्मेदवार भएका छैनन् ।

मङ्गोलियाको संविधान अनुसार कुनै पनि राष्ट्रपति दुई कार्यकाल राष्ट्रपति हुन पाउँदैनन् । मङ्गोलियामा राष्ट्रपतिको कार्यकाल छ वर्षको हुन्छ ।

राष्ट्रपतिका उम्मेदवारहरूमा मङ्गोलियन पिपुल्स पार्टीबाट पूर्वप्रधानमन्त्री उखनाजिन खुरेलसुख पनि चुनावी मैदानमा छन् । यस दलको संसद्मा बलियो बहुमत रहेको छ । विगतमा सैनिक सेवाबाट राजनीतिमा प्रवेश गरेका कारण खुरेलसुखले जितेमा मुलुकको सार्वजनिक मामिलामा सैनिकहरू हावी हुन सक्ने अनुमान गरिएको छ ।

खुरेलसुखका मुख्य प्रतिस्पर्धीका रूपमा डेमोक्रेटिक पार्टीका सोड्नोजुनदुईन एर्डिन रहेका छन् । चुनावी पर्यवेक्षकहरूका अनुसार उनको स्थिति निकै कमजोर छ । उनले मङ्गोलियन पिपुल्स पार्टीले चुनाव जितेमा मङ्गोलियामा अधिनायकवाद आउने बताएका छन् ।

मङ्गोलियाको राष्ट्रपति पद खासगरी आलङ्कारिक प्रकृतिको छ । तर सेनाको नियन्त्रण र सञ्चालनका साथै कतिपय अवस्थामा विधेयकमाथि विशेषाधिकार (भिटो) लगाउने अधिकार राष्ट्रपतिमाथि रहेको छ ।

मङ्गोलियामा संसद्, मन्त्रिपरिषद् र प्रधानमन्त्रीको कार्यालयमा देशको कार्यकारी अधिकार रहेको छ ।

मङ्गोलियाको निर्वाचन आयोगका अनुसार चुनावका लागि २१ लाख ५१ हजार व्यक्तिको नाम मतदाता सूचीमा रहेको छ । मतदान राति १० बजे समाप्त हुनेछ, तर मतपरिणाम कहिले घोषणा हुन्छ भन्ने बताइएको छैन । रासस

## दक्षिण कोरिया र सिंगापुरबीच हवाई यात्रा खोल्ने वारे छलफल

सियोल, २६ जेठ/एपी

दक्षिण कोरिया र सिङ्गापुरका अधिकारीहरूबीच आगामी जुलाईदेखि हवाई सेवा थालनी गर्नेबारेमा छलफल शुरू भएको छ ।

क्वारेन्टाइनमा बस्न नपर्ने गरी दुई देशबीच सोझो हवाई उडान गर्ने सम्भावनाका बारेमा छलफल भएको दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन् । तर यस्तो हवाई यात्रा गर्न चाहने व्यक्तिले अनिवार्यरूपमा खोप लगाएको हुनुपर्नेछ ।

स्वास्थ्य अधिकारीहरूले यस्तै उडान ताइवान, थाइल्यान्ड र अमेरिकाका प्रशान्त क्षेत्रहरू गुवाम र सैपानमा शुरू गर्नेबारेमा कोरियाले प्रस्ताव पठाएको बताएका छन् । यी देशहरूले कोरोना भाइरस महामारी नियन्त्रणका लागि जारी गरेका प्रतिबन्धलाई खुकुलो बनाएकाले पनि हवाई उडान खोल्न लागेको बताइएको छ ।

दक्षिण कोरियाले हाल विदेशबाट आउने अधिकांश यात्रीलाई दुई साताको अनिवार्य क्वारेन्टाइनको व्यवस्था गरेको छ ।

दक्षिण कोरियाका एकजना वरिष्ठ स्वास्थ्य अधिकारी यून टाइहोले प्रारम्भमा प्रत्यक्ष उडानबाट आउने तर खोप लगाएका यात्रीलाई प्रवेश दिइने र उनीहरूका बारेमा अनुगमन गर्ने दायित्व ट्राभल एजेन्सीलाई दिइने बताए । क्वारेन्टाइन बस्न नचाहने यात्रीले आफूले खोप लगाएको प्रमाण पेश गर्नुपर्ने तथा कोभिड–१९ परीक्षणमा नेगेटिभ देखिएको हुनुपर्ने पनि उनले जानकारी दिए ।

तर कोरोना भाइरसको सङ्क्रमण देखिएका देशसँगको उडान तत्कालै शुरू नहुने पनि उनले बताए । थाइल्यान्डमा हालैका साताहरूमा निकै ठूलो सङ्ख्यामा कोभिड सङ्क्रमण फैलिएको छ र यहाँ दैनिक दुई हजारभन्दा बढी सङ्क्रमित फेला परेका छन् ।

सिङ्गापुर र ताइवानमा पनि केही क्षेत्रमा कोभिड सङ्क्रमण देखिएको छ । बुधवारसम्म करीब ९२ लाख दक्षिण कोरियालीले कम्तीमा एक डोज खोप लगाएका छन् । यो सङ्ख्या कुल जनसङ्ख्याको करीब १८ प्रतिशत हो । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कान्तिक्षय | वृष – भाग्योदय |
| मिथुन – खर्चवृद्धि | कर्कट – धनलाभ |
| सिंह – कर्मप्राप्ति | कन्या – अलमल |
| तुला – रोगभय | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुभय | मकर – चोरभय |
| कुम्भ – भयचिन्ता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## खै कस्तो प्रजातन्त्र हो

मन्तव्य



कुमार रुपाखेती

**आफ्नो सरकार बन्नेबित्तिकै मनपरी निर्णय गर्ने प्रचलन प्रजातन्त्रको नाममा खुबै फस्टाएको छ । धन्दा नमान्नुस्, रौतहटमा जिउँदै मान्छेलाई भट्टीमा चलाउने काङ्ग्रेस सांसद पनि केही समयपछि स्वतन्त्र हुने नै छन् ।**

दरबार हत्याकाण्ड भएको २० वर्ष बितेछ । राजा वीरेन्द्रले आफ्ना पिता राजा महेन्द्रको स्वर्गवास (२०२७) पछि २०४६ सम्म सक्रिय शासन गरे । २०४७ सालपछि सक्रिय राजतन्त्र त्यागेर सरकारको अभिभावकीय भूमिकामा थिए । नेपाल र संसारको जुनसुकै कुनामा बस्ने नेपालीसमेत दरबार हत्याकाण्डपछि स्तब्ध र दुःखित भएका थिए । दरबार हत्याकाण्डका बखत नेपाली काङ्ग्रेसको जगजगी थियो र गिरिजाप्रसाद कोइराला मुलुकका प्रधानमन्त्री थिए । यो हत्याकाण्ड अझै रहस्य र शङ्काको घेरामा छ । त्यतिखेर शक्तिमा रहेका सबैले एकै स्वरमा युवराज दीपेन्द्रलाई अपराधी घोषित गरी यो रहस्यमय हत्याकाण्डलाई थान्को लगाएका थिए । तर हत्याकाण्ड भएको २० वर्ष बितिसक्दा पनि अधिकांश जनताले न राजवंश र राजा वीरेन्द्रको परिवारलाई बिर्सिन सकेको छ, न दीपेन्द्रलाई अपराधी मान्न तयार छ । सरकारी आयोगले दीपेन्द्रलाई यो हत्याकाण्डको नायक देखाए पनि अलि बौद्धिक जनताले यसमा अमेरिका र भारतको मिलिभगत भएको चोर औंलाले देखाए भने केहीले पूर्वराजा ज्ञानेन्द्रप्रति समेत धारेहात लगाए । जसलाई यो हत्याकाण्डबारे अलिकति भनक थियो तिनीहरू पनि डर र त्रास अनि आफ्नो समेत हविगत सम्झेर मुख थुनेर बस्न बाध्य पारिए । जय हो प्रजातन्त्र !

त्यतिखेर दिल्लीबाहिर सुदूर भारत भ्रमणमा रहेका भारतीय प्रम अटलबिहारी वाजपेयीसमेतले चोरको खुट्टा काट भन्दा चोरले खुट्टा तानेझैं झटपट दीपेन्द्रको नाम लिए । अनि त बस तत्कालीन नेपाल सरकारसमेतले दीपेन्द्रकै नामको सुगा रटाइ गर्न थालिहाल्यो । संसारका अमेरिकाजस्ता ठूलो मुलुकहरूमा जस्तै नेपालीका प्रिय राजाको वंश विनाशको वास्तविकता पनि रहस्य र षड्यन्त्रकै शिकार बन्यो । एउटा कुरा त स्पष्ट छ, घटनाका दिन लागू पदार्थले मात्तिएका र लठ्ठ भनिएका दीपेन्द्र साँझ ७ बजेसम्म दशरथ रङ्गशालामा र उनका भाइ निरञ्जन दरबार बाहिर घुमफिर गरिरहेका थिए । नारायणहिटीमा प्रत्येक शुक्रवार साँझ पारिवारिक जमघट, खानपिन र रमझम हुने गर्दथ्यो ।

राजा वीरेन्द्रको वंश विनाश गर्ने षड्यन्त्रकारीहरूका लागि यो जमघट एउटा अवसर साबित भयो, जहाँ हत्या गर्नुपर्नेहरूलाई छानीछानी मारियो । पूर्व राजा ज्ञानेन्द्रको सपरिवार बचाउनु वा बाँच्नु पनि हत्याराहरूको प्रि–प्लान हो । आक्षेप लागोस् भनेरै पनि उनका परिवारलाई हत्याराहरूले छोएनन् । ज्ञानेन्द्र त त्यतिखेर पोखरामा थिए । हत्याकाण्डबाट बाल–बाल बाँचेकी धीरेन्द्र शाहकी पत्नीलाई समेत पोल खुल्ने डरले मारिदिए । त्यतिखेरको सरकार नै डराएको र माधव नेपालसमेत डराएर हत्याकाण्ड छानबीन समितिमा बस्न नमानेको अवस्थामा नेपाली पत्रिका र पत्रकारहरू तैं चुप मैं चुप भएका थिए । त्यसै पनि नेपालमा खोज पत्रकारिताको अभाव छ । झन् २० वर्ष अघिको यो घटना त पत्रिका र पत्रकारहरूको पहुँच र बुता बाहिरको कुरा थियो । आफ्नै प्रिय मदन भण्डारीको घटना कि दुर्घटनाबारे चुइँक्क बोल्न नसक्नेहरूले दरबारको हाइ प्रोफाइल हत्याकाण्डको वास्तविकता बुझ्ने औकात हुने कुरै भएन । यति लामो (दुई दशक) बितिसक्दासमेत अधिकांश नेपालीको मनमा राजारानीको अमिट छाप देखिन्छ । राजनैतिक दलहरूको सत्ता र कुर्सीको छिनाझपटीले दिक्क र वाक्क भएका नेपाली कुनै बखत खलनायक भनिने ज्ञानेन्द्र शाहलाई अचेल नायक ठान्न थालेका छन् । त्यसैले त अचेल ठूलो जमात ज्ञानेन्द्रलाई नारायणहिटी भित्र्याउने आन्दोलनमा सक्रिय छ । झन् अस्ति पशुपति शम्शेर राणाले कमल थापाको हँमा हँ मिलाउँदै राजा भित्र्याउने र हिन्दू राष्ट्र बनाउने घोषणा गरेपछि राजावादीहरू तातेका देखिन्छन् । २०४६ सालताका नायक ठानिएका काङ्ग्रेस, एमाले र तिनका नेताहरू अचेल धेरैको नजरमा हदैसम्मका खलनायक प्रतीत हुन थालेका छन् । पद, कुर्सी, पैसा र पावर नै यिनको लोकतन्त्र र गणतन्त्र बनेको छ । पद र कुर्सीका लागि यिनीहरूले मुलुक र जनतालाई बन्धक बनाउन पनि तनिक बेर लाउँदैनन् भन्ने यिनको क्रियाकलापले देखाउँदैछ । यिनको त्रियाचरित्र हेर्दा त नेपालजस्तो मुलुकका लागि साँच्चै राजा भनेको राजै हो भन्ने आम नेपालीलाई लाग्न थालेको छ । यति मात्र होइन, रजाइँ गर्न नेताहरूले राजाले खडा गरेको १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रलाई खण्डित गरी ७ प्रदेश बनाएको समेत आम जनताको आँखाको किरकिरी साबित भएको छ ।

शासनमा जमिरहन भर्खरै हत्या आरोपमा बन्दी जीवन बिताइरहेका रेशम चौधरीहरूलाई मुक्ति दिने घिनलाग्दो प्रपञ्च हुँदैछ । यदि अवस्था यस्तै रहेमा सबै खुङ्खार हत्याहरूलाई राजनीतिको जामा पहिऱ्याउँदै मुक्ति दिने तरखर नहोला भन्न सकिंदैन ।

राजा महेन्द्रलाई गाथगद्दी ताकेर हत्या गर्न हेतु जनकपुरमा बम प्रहार गर्नेलाई समात्दा राजा तानाशाह हुने, तर राष्ट्रसेवक र शान्ति सुरक्षामा रहेका सुरक्षाकर्मी मार्नेहरू बाइज्जत बरी हुनुलाई कस्तो लोकतन्त्र, गणतन्त्र भन्ने ? आफ्नो सरकार बन्नेबित्तिकै मनपरी निर्णय गर्ने प्रचलन प्रजातन्त्रको नाममा खुबै फस्टाएको छ । धन्दा नमान्नुस्, रौतहटमा जिउँदै मान्छेलाई भट्टीमा चलाउने काङ्ग्रेस सांसद पनि केही समयपछि स्वतन्त्र हुने नै छन् । राजनीतिमा काम लाग्ने र भोट जुटाउन सक्ने थुप्रै अपराधीहरू कालीबहादुर खामझैं तपाईं हामीसामु डिच्च हाँस्दै ठिङ्ग उभिन सक्छन् । अन्त्यमा पुनः वंश विनाश हत्याकाण्डमा शिकार भएका राजा वीरेन्द्रको परिवारप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । २०४७ सालमा बहाल प्रजातन्त्रले राजा बचाउन नसकेकोमा खेदसमेत प्रकट गर्दछु । खै यो कस्तो प्रजातन्त्र हो ?

## साना व्यापारीलाई झनै गाऱ्हो

सप्तरी, २६ जेठ/रासस

लकडाउनअघि युवा व्यापारी अरविन्द दास दिनहुँ चार/पाँच हजारको तरकारी बेचथे । राजविराज नगरपालिका–६ सिराहा रोडका ३९ वर्षीय दासले हटियामा बेचेको तरकारीबाट दैनिक सरदर रु एक हजार नाफा कमाउँथे ।

कोभिड–१९ महामारीको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि गत वैशाख २५ गते मध्यरातदेखि जिल्लामा शुरू भएको लकडाउनपछि हाटबजार बन्द छ । बजार बन्दले तरकारी बिक्री हुन छाडेपछि उनले तरबुज बिक्री गर्न थालेका छन् । ठूलो परिमाणमा किन्नुपर्ने तरकारी समयमैं बिक्री नहुँदा कुहिने र प्रहरीले समेत हटियामा कडाइ गरेका कारण दासले तरकारी बिक्री गर्न छाडेर तरबुज बेच्न थालेको बताए ।

"बजार बन्द छ, सडक सुनसान छ, मानिसको आवतजावत नभएकाले बिक्री पनि छैन," दासले भने, "कुहिने डरले किनेकै दाममा पनि बेच्नुपर्ने हुन्छ भने कतिपय चिनेजानेकाले त कम पैसा छाडेर सामान लिएर जाने गर्छन् ।" तरकारी छाडेर तरबुज बिक्री गर्न थालेका दासले बिक्री बढाउन रु २०–२५ किलोमा तरबुज बेचिरहेका छन् । उनी तीन/चार जना मिलेर एक ट्याक्टर तरबुज किन्ने गरेको बताउँछन् । ट्याक्टरमा १५/१६ क्विन्टल हुन्छ । प्रतिकिलो रु १५ मोल पर्ने तरबुज समयमैं बिक्री नहुँदा कुहिएर नष्ट हुन्छ ।

टोल–टोलमा घुमाएर बिक्री गर्नका लागि उनले दैनिक रु ५० तिरेर भाँडामा ठेलागाडा लिएका छन् । खाना खाएर बिहान ११:०० बजे ठेला गुडाउँदै घरबाट निक्लने उनी साँझ ६:०० बजे घर फर्कन्छन् । दिनभरि बस्दा रु एक हजारको तरबुज पनि बिक्री नहुने गरेको उनको भनाइ छ । यसले उनलाई छजनाको परिवारको पेट भर्न गाऱ्हो भएको छ ।

हाटबजारमा प्रहरीले बस्न दिंदैन । टोलको गल्लीमा ठेला राखेर बेच्ने प्रयास गरिरहेको उनले बताए । पोहोरको लकडाउनमा बजारमा तरकारी बिक्री गर्दा प्रहरीले कुटेको घटना स्मरण गर्दै उनी भन्छन्, "यसपटक प्रहरीको डरले बजारमा बस्ने हिम्मत गरेको छैन, प्रहरीले पनि टोलमा भीड नगरी घुमेर बेच्नू, बजार नजानू भनेर सम्झाउने गरेको छ ।"

उनको राजविराज बजारस्थित मुख्य सडकमैं घर छ । आफ्नो फाँटमा परेको जम्मा दुई धुर जग्गामा बनेको एउटा कोठामा बुबा, आमा, पत्नी र छोराछोरीसहितको छजनाको परिवार बस्छ । लकडाउन भएपनि सम्पन्नलाई फलफूल, तरकारी एवं खाद्यान्नको चिन्ता छैन ।

बजारमा घर भएपनि बहालमा बस्ने भएपनि सानोतिनो व्यवसाय गरेर अनि सबथोक किनेर खाने वर्गको आर्थिक स्थिति लकडाउनमा नाजुक भएको छ । "आम्दानी निश्चित नभएका हामी जस्ता वर्ग चाहिं लडकाउनमा बढी पिल्सिएका छौं, सानोतिनो व्यापारकै भरमा शहरमा टिकेका छौं, अहिले त्यो पनि बन्द छ," उनी भन्छन्, "बजारमा घर भएर के गर्नु, एउटा कोठामा छजना सुत्छौं, सबथोक किनेर खानुपर्छ, छोराछोरीलाई पढाउनै पऱ्यो, हात पसारेर माग्न पनि सकिंदैन, व्यापार पनि छैन ।"

बिक्री कम भएकाले आम्दानीको टुङ्गो नभएका साना व्यापारी लकडाउनको अवधि लम्बिंदै जाँदा आत्तिएका छन् ।

**प्रसौनीको.........**

यसै विषयमा सोमवार गापाका प्राविधिक र गाउँलेबीच काम रोक्ने विषयमा विवाद हुँदा गापा अध्यक्ष भोला कलवारले ३/४ जना गाउँलेविरुद्ध हातपात गरेको भनी झूटो निवेदन दिएको गाउँलेले बताएका छन् । गलत कामको विरोध गर्दा स्याबासी दिनुपर्नेमा प्रहरीबाट थुन्न लगाउने भनेर थर्काएको गाउँलेको आरोप छ । गापा अध्यक्ष कलवारसँग बुझ्दा सडक ढलानको काम नहोस् भनेर केही गाउँलेले विरोध गरेको स्वीकार गर्दै समस्या समाधानको लागि प्रयासरत रहेको बताए । गापाका कर्मचारीसँग केही गाउँलेले दुर्व्यवहार गरेको कर्मचारीबाट गुनासो आएपछि प्रहरीमा निवदेन दिएको र दुवै पक्ष बसेर छलफलबाट विवाद टुङ्ग्याउने उनले बताए । उनले टयाङ्करबाट सफा पानी ल्याउन लगाएर राम्रो काम गराउने बताए ।

## राजस्व छली गर्ने ५ फर्मविरुद्ध मुद्दा दायर

प्रस, परवानीपुर, २६ जेठ/

राजस्व अनुसन्धान विभागले राजस्व छलीविरुद्ध वीरगंजका व्यापारीसहित पाँचवटा फर्मविरुद्ध मुद्दा दायर गरेको छ। विभागले वीरगंज महानगरपालिका वडा नं १९ को भुसा सप्लायर्सका सञ्चालक दीपेन्द्रप्रसाद कलवारसहित चारजनाले भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरेको अभियोगमा मुद्दा दायर गरेको छ।

१ करोड २२ लाख रुपैयाँ बिगो जफत र असुल गरी जरिवाना र कैद सजाय मागदाबी गरी मुद्दा दिइएको विभागले विज्ञप्ति प्रकाशित गरी जनाएको छ। उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा ट्रकचालक सुनीलकुमार यादव, तिरुपति खाद्य तथा भुसा सप्लायर्सका सञ्चालक दीपेन्द्रप्रसाद कलवार, भन्सार एजेन्ट नं १२५ का राममणि खनाल तथा वीरगंज भन्सार प्रतिनिधि अशोककुमार श्रेष्ठले भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरेको आरोपमा मुद्दा दायर गरिएको हो।

यस्तै, उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमैं रौतहटको वृन्दावन नगरपालिका वडा नं ६ निवासी अमनकुमार तिवारीविरुद्ध पनि मुद्दा दायर गरिएको छ।

तिवारीले भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरेको अभियोगमा ४० लाख रुपैयाँ बिगो जफत एवं असुल गरी जरिवाना र कैद सजाय मागदाबी गरिएको छ।

## चोरी र लुटपाटमा संलग्न तीनजना पक्राउ

प्रस, वीरगंज, २६ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले चोरी श्रीपुर बस्ने ४५ वर्षीया शकुन्तला मेहताको सुनको सिक्री लुछ्ने दुईजना




र लुटपाट घटनामा संलग्न रहेको आरोपमा तीनजना युवकलाई पक्राउ गरेको छ।

वीरगंज महानगर–११ निवासी प्रकाश रौनियारको घरबाट ल्यापटप र मोबाइल चोरी गरेको आरोपमा प्रहरीले जगरनाथपुर गाउँपालिका–६ बस्ने १९ वर्षीय मुन्नाकुमार रामलाई पक्राउ गरेको छ।

यसैगरी, वीरगंज महानगर–११ युवकलाई पक्राउ गरिएको जिप्रका पर्साले जनाएको छ। जेठ २५ गते मीनाबजारमा तरकारी किन्न आएकी मेहताले घाँटीमा लगाएको सुनको सिक्री लुटेको आरोपमा वीरगंज महानगर–१६ बस्ने १९ वर्षीय नीरज नट र युवराज नटलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

अभियुक्त तीनैजनालाई जिल्ला अदालतबाट पाँच दिने म्याद थमाइ अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## ५६ परिवारलाई राहत वितरण

प्रस, वीरगंज, २६ जेठ/

हन्ड्रेड्स ग्रुपले पर्सा जिल्लाको गरीबहरूलाई राहत वितरण गरेको कोषाध्यक्ष आशिष गुप्ताले बताए। ग्रुपका




पकाहामैनपुर गाउँपालिका–३ मा ५६ घरपरिवारलाई राहत वितरण गरेको छ।

निषेधाज्ञा अवधिमा वीरगंज महानगरपालिकामा रात्रि भोजन र दिउँसो खाजा कार्यक्रम सञ्चालन गर्दै आएको यो समूहले बुधवार पकाहामैनपुर गापामा चमार, दुसाध, मुसहर जातका अध्यक्ष विनय गिरीको अध्यक्षतामा पकाहामैनपुरमा प्रतिपरिवार १० किलो चामल, दाल, नून, तेल, आलु, प्याज, सोयाबिन राहत वितरण गरिएको हो। कार्यक्रममा विक्की सर्राफ, आयुष वर्णवाल, मधुसूदन साह, राहुल पटेल, अनिल गिरी, दीपु यादवलगायतले सहयोग पुऱ्याएका थिए।




## काङ्ग्रेस र नेकपा माओवादी केन्द्रसँग जसपाको सहमति

धनुषा, २६ जेठ/रासस

प्रदेश नं २ सरकार पुनर्गठनका सन्दर्भमा जनता समाजवादी पार्टी नेपाल (उपेन्द्र यादव समूह), नेपाली काङ्ग्रेस र नेकपा माओवादी केन्द्रबीच सहकार्य गर्ने सहमति भएको छ।

केन्द्रमा सत्ता समीकरणाको विषयलाई लिएर प्रदेश नं २ को सत्तारूढ दल जसपाभित्र विवाद चर्किएपछि उपेन्द्र यादव पक्षबाट मुख्यमन्त्री बनेका लालबाबू राउत गद्दीले महन्थ ठाकुर पक्षका चारजना मन्त्री बर्खास्त गरेपछि काङ्ग्रेस र नेकपा माओवादी केन्द्रलाई सरकारमा सहभागी गराउने विषयमा सहमति भएको हो।

जनकपुरमा रहेका जसपाका अध्यक्ष उपेन्द्र यादव आफैं तीन दिनदेखि लगातार काङ्ग्रेस र माओवादी केन्द्रका नेताहरूसँग छलफलमा व्यस्त छन्। सत्ता साझेदारीबारे वार्ता गर्न भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साह, सामाजिक विकासमन्त्री नवलकिशोर साह र उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रामनरेश राय सम्मिलित समिति पनि सक्रिय रहेको र सो समितिले विभिन्न चरणमा काङ्ग्रेस र माओवादी केन्द्रसँग छलफल गरेको छ।

जसपा, काङ्ग्रेस र माओवादी केन्द्रबीच विभिन्न चरणमा छलफल भएपनि मन्त्रालय बाँडफाँडको विषयमा सहमति हुन सकिरहेको थिएन तर मङ्गलवार साँझ भएको छलफलपछि सत्ता सहकार्यका लागि ती दलहरूबीच सहमति भएको बुझिएको छ। सहमति अनुसार काङ्ग्रेसले तीनवटा र माओवादी केन्द्रले दुईवटा मन्त्रालय लिएर सरकारमा सहभागी हुनेछन्।

दलहरूबीच मन्त्रालयमा भागबन्डा नमिलेपछि मुख्यमन्त्री गद्दीले मन्त्रालय फुटाउने तयारी गरेको बताइएको छ। अहिले प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, भूमि व्यवस्था कृषि तथा सहकारी, आन्तरिक मामिला तथा कानून, आर्थिक मामिला तथा योजना र उद्योग, पर्यटन, वन तथा वातावरण गरी ६ वटा मन्त्रालय छन्। सहमति अनुसार काङ्ग्रेस र माओवादी केन्द्रलाई दिन चारवटा मन्त्रालय टुक्रयाएर १० वटा पुऱ्याउने तयारी छ। जसपाका तर्फबाट प्रदेशसभा सदस्य रामाशिष यादवका अनुसार सामाजिक विकासलाई टुक्रयाएर नयाँ मन्त्रालयका रूपमा शिक्षा तथा स्वास्थ्य बनाइनेछ। आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट सञ्चार झिकेर नयाँ मन्त्रालय बनाउने तयारी छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट कृषि तथा सहकारीलाई अलग गर्ने र उद्योग, पर्यटन, वन तथा वातावरणबाट वन तथा वातावरणलाई अलग गरेर चारवटा मन्त्रालय थप्ने प्रदेश सरकारको तयारी छ।

स्रोतका अनुसार काङ्ग्रेस रामसरोज यादवको नेतृत्वमा र माओवादी केन्द्र भरत साहको नेतृत्वमा सरकारमा सहभागी हुनेछन्।

## निषेधाज्ञामा पसल खोल्ने १३ जना पक्राउ

प्रस, वीरगंज, २६ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले निषेधाज्ञा अवधिमा पसले खोल्ने १३ जना व्यापारीलाई प्रहरीले पक्राउ गरेको छ।

निषेधाज्ञाको समयमा स्टेशनरी, सिलाइकटाइ, इलेक्ट्रोनिक, पानभण्डार, हार्डवेयरका पसल खोल्ने १३ जना व्यवसायीलाई पक्राउ गरी नसिहत दिएर छाडेको प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

## तीन हजार बिन्दुमा पुगेर फर्कियो नेप्से

काठमाडौं, २६ जेठ/रासस

तीन हजार बिन्दुमा पुगेर नयाँ कीर्तिमान कायम गरेको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक अन्तिम समयमा भने दोहोरो अङ्कले घटेको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार आजको सुरुआती कारोबारमा नेप्सेले तीन हजार बिन्दु छोएको थियो। यो हालसम्मकै उच्च थियो। पुनः बजार सम्हालिएर १३.५६ बिन्दुले नेप्से घटी दुई हजार ९४६.५८ मा ओर्लेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.८३ बिन्दुले घटेर ५२५.२८ मा झरेको छ। कुल २२१ कम्पनीको तीन करोड १३ लाख ५४ हजार २२ कित्ता शेयर रु १६ अर्ब ९९ करोड ७० लाख ९२ हजार ७०३ मूल्यमा खरीद–बिक्री भए।

बुधवारको कारोबारपछि बजार पूँजीकरणमा सामान्य गिरावट आएको छ। नेप्सेका अनुसार आजको बजार पूँजीकरण रु ४० खर्ब ९० अर्ब ७४ करोड ३५ लाख १० हजार बराबर रहेको छ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज छ उपसमूहको शेयर उकालो लागेको छ भने सात उपसमूहको शेयर ओरालो लागेको छ। व्यापार ७८.९३, वित्त ४७.३८, निर्जीवन बीमा ३९, उत्पादन २३७.४६, जीवन बीमा २९.१२ र सामूहिक लगानी कोष ०.०३ बिन्दुले उकालो लागेको छ।

कारोबारका आधारमा आज अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ८७ करोड ९४ लाख ९० हजार १०७ बराबरको कारोबार भयो। यस्तै, पुनर्बीमा कम्पनी रु ६१ करोड ८० लाख ३८ हजार ३९३, नेपाल इन्स्योरेन्स कम्पनी रु ५१ करोड छ लाख ७१ हजार १५२, लुम्बिनी विकास बैंक रु ४८ करोड २८ लाख ९८ हजार २१९ र युनाइटेड मोदी रु ४७ करोड १४ लाख बराबरको कारोबार भई शीर्ष स्थानमा रहे।

यस्तै, नेपाल इन्स्योरेन्स र युनाइटेड मोदीका लगानीकर्ताले समान ९.९५ प्रतिशतले कमाउँदा रिडी हाइड्रोपावर ९.९२, अरुण भ्याली हाइड्रोपावर ९.८६ र सिइडिबि हाइड्रोपावरका शेयरधनीले ९.८६ प्रतिशतले आर्जन गरे।

## असार ९ देखि नियमित सुनुवाइ

काठमाडौं, २६ जेठ/रासस

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा लिखित जवाफ पेश गर्न सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको छ। प्रधानन्याधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासले बुधवार सो आदेश जारी गरेको हो।

इजलासले उक्त विवादमा आगामी असार ९ गतेदेखि निरन्तर सुनुवाइ गर्ने तय गरेको छ। आज रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा र महादेव यादवले बहस गरेका थिए।

## नागरिकता.........

नागरिकले अझै नागरिकताको प्रमाणपत्र पाउन नसकेकाले वास्तविक तथ्याङ्क लिन यसै वर्ष गर्न लागिएको जनगणनामा नागरिकता छ वा छैन भनी प्रश्नावली थप गर्नुपर्ने माग मञ्चले राख्दै आएको छ।

नागरिकताको प्रमाणपत्र दिने कानून स्पष्ट, पारदर्शी एवं कसैलाई दिन नसकिने हो भने जवाफदेही हुनुपर्ने अधिवक्तासमेत रहेका कार्यकारी निर्देशक श्रेष्ठको भनाइ छ। नागरिकताको प्रमाणपत्र वितरणका सवालमा प्रमुख जिल्ला अधिकारीलाई धेरै स्वविवेकीय अधिकार दिइएकाले पनि सबैतिर समानरूपमा काम हुन नसकेको सरोकार भएका निकायका अधिकारीको भनाइ छ।

अन्तरिम संविधान २०६३ अनुसार २०४६ चैत मसान्तसम्ममा नेपालमा जन्मिएकालाई जन्मसिद्ध नागरिकताको प्रमाण दिइएको छ। दुई वर्ष अवधि राखेर एक लाख ९० हजार ७२६ जनालाई जन्मसिद्ध नागरिकताको प्रमाणपत्र वितरण गरिएको हो। यसरी नागरिकता लिएकाका सन्ततिलाई नेपालको संविधानको धारा ११ (३)ले वंशजका आधारमा नागरिकता दिने भनिए पनि दाङका फारुकीले अझै पाउन नसकेको मञ्चले जनाएको छ।

## रौतहटमा जेठ ३१ गतेसम्म निषेधाज्ञा थप

प्रस, रौतहट, २६ जेठ/

जिल्ला प्रशासन कार्यालय, गौरले बुधवार सूचना जारी गरी जिल्लामा जेठ ३१ गते राति १२ बजेसम्म निषेधाज्ञा थप गरेको छ।

बुधवार सम्पन्न बैठकले बुधवार राति १२ बजेदेखि लागू हुने गरी निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जिल्लामा कोरोना सङ्क्रमणको नयाँ भेरियन्टको जोखिम रहेकाले निषेधाज्ञालाई निरन्तरता दिइएको बताए।

उनले निषेधाज्ञा अवधिमा बैंक तथा वित्तीय संस्था, खाद्य सामग्री, किराना, फलफूल, तरकारीका पसलहरू हप्ताको ४ दिन आइतवार, मङ्गलवार, बिहीवार र शुक्रवार मात्र सञ्चालन गर्न पाइने बताए। त्यस्तै, होटल तथा रेस्टुरेन्टहरूले होम डेलभरीमार्फत मात्र व्यवसाय सञ्चालन गर्न पाउने उनले बताए।

## मोबाइलपसलमा चोरी गर्ने तीनजना पक्राउ

प्रस, सप्तरी, २६ जेठ/

मोबाइलपसलमा चोरी गरेको आरोपमा सप्तरी प्रहरीले तीनजनालाई पक्राउ गरेको छ।

सप्तरीको विष्णुपुर गाउँपालिका–५ का महेशकुमार यादव, वडा नं १ का २१ वर्षीय रामदास यादव र राजविराज नगरपालिका–६ का १९ वर्षीय सुभाष यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताए।

जेठ २३ गते आइतवार राजविराज–४ स्थित राधेश्यामकुमार साहको मोबाइलपसलबाट विभिन्न कम्पनीका मोबाइल चोरी भएको थियो। प्रहरीले सिसिटिभी फुटेजबाट चोरहरूको पहिचान गरी पक्राउ गरेको प्रनाउ काफ्लेले बताए।

## चटयाङपीडित परिवारलाई २ लाख सहयोग

प्रस, रौतहट, २६ जेठ/

चटयाङ लागेर मृत्यु भएका व्यक्तिको परिवारलाई प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले रु २ लाख आर्थिक सहयोग गरेका छन्।

वैशाख ९ गते वृन्दावन नगरपालिका–३ का लक्ष्मण महरालाई खेतमा चटयाङ लागेपछि उनको मृत्यु भएको थियो। महराकी पत्नी झौरी देवीलाई प्रजिअ यादवले बुधवार रु २ लाखको चेक हस्तान्तरण गरेका थिए।



चेक दिंदै प्रजिअ यादव। तस्वीर: सौजन्य

## ग्रीन सिटीको अक्सिजन र चिकित्सा सेवा बन्द

प्रस, वीरगंज, २६ जेठ/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र




आदर्शनगरले कोरोनाको दोस्रो लहरमा सञ्चालनमा ल्याएको निश्शुल्क चिकित्सा सेवा तथा अक्सिजन बैंक सेवा बन्द गरेको छ।

सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले वैशाख १० गतेदेखि सञ्चालित निश्शुल्क अक्सिजन सेवा हालका दिनमा माग घटेको र सहज उपलब्ध भइरहेकाले बन्द गरिएको बताए।

यसैगरी, सङ्क्रमण दर घटेको र होम आइसोलेशनमा बस्ने तथा समस्याग्रस्त बिरामीको अवस्था पातलिएसँगै चिकित्सा सेवाको माग घटेकाले दुवै सेवा बन्द गरिएको बताए। निश्शुल्क अक्सिजन सेवाबाट ३१० जना लाभान्वित भएका र चिकित्सा सेवा ८० जनालाई दिइएको उनले बताए। चिकित्सक तथा स्वास्थ्यकर्मीको टोली घरदैंलोमा पुगी सेवा प्रदान गर्दै आएका थिए।